ठाटीकाँध गाउँपालिका

लकान्द्र, दैलेख

कर्णली प्रदेश ,नेपाल

स्थानीय राजपत्र

खण्ड २ (सँख्या ३ ) साउन, ०६ गते २०७६ साल

भाग २

ठाटीकाँध गाउँपालिकाको गाउँ सभाले मिति: २०७६।०३।३० गते स्वीकृत भएको देहाय बँमोजिमको कार्यविधि कानून स्थानीय सरकार संचालन ऐन, २०७४ बामोजिम सर्वसाधारणहरुको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# ठाटीकाँध गाउँपालिकाको सामुदायीक तथा सरकारी वन संरक्षण सुदृढीकरण तथा दिगो विकास कार्यक्रम संचालन कार्यविधि २०७६,

**प्रस्तावना:**

बढ्दो सहरीकरण, अव्यवस्थित बस्ती विकास तथा सामुदायीक तथा सरकारी वनको अतिक्रमण तथा डडेलो बाट जोगाउनका साथै वातावरणीय सम्पदाको रुपमा रहेका सरकारी तथा सामुदायीक वनको दीगो विकास तथा सँरक्षणगरि वनमा आश्रित उपभोक्ताहरुको उपभोगमा नियमन गर्न बनाउन बान्छनीय भएकोले ठाटीकाध गाउँपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा ७ बमोजिम गाउँ सभा मिति २०७६।०३।३० को बैठकबाट यस “**ठाटीकाध गाउपालिकाको सामुदायीक तथा सरकारी वन सँरक्षण सुदृढीकरण तथा दिगो विकास कार्यक्रम सँचालन कार्यविधि, २०७६**” स्वीकृत गरी लागू गरेको छ ।

## परिच्छेद-१

## परिभाषा र व्याख्या

१( संक्षिप्त नाम र प्रारम्भ :१यस कार्यविधिको नाम “ठाटीकाध गाउपालिकाको सामुदायीक तथा सरकारी वन सँरक्षण सुदृढीकरण तथा दिगो विकास कार्यक्रम सँचालन कार्यविधि ,२०७६ ”रहेको छ

२ यो कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरी राजपत्रमा प्रकाशन गरेको मितिदेखि लागू हुनेछ ।

२)**परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “सरकारी वन” भन्नाले सँघीय सरकारको मातहत रहेको सरकारी वन सम्झनु पर्छ ।“सामुदायीक वन” भन्नाले सामुदायलाई हस्तान्तरण भई समुदायको प्रत्यक्ष रेखदेख सँरक्षण र उपयोगमा रहेको सामुदायीक वन सम्झनु पर्छ ।

(ख)गाँउपालिका” भन्नाले ठाटीकाध गाउपालिका सम्झनु पर्छ ।

(ग) " अध्यक्ष"  भन्नाले ठाटीकाध गाउपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

(घ) " उपाध्यक्ष"  भन्नाले ठाटीकाध गाउपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

(ङ)" प्रमुख प्रशासकीय अधिकृत" भन्नाले ठाटीकाध गाउपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(च) " वडा भन्नाले  "  भन्नाले ठाटीकाध गाउपालिकाको वडा सम्झनु पर्दछ ।

(छ) " वडा समिति" भन्नाले    भन्नाले ठाटीकाध गाउपालिकाको वडा सम्झनु पर्दछ ।

(ज) " वडाध्यक्ष" भन्नाले    भन्नाले ठाटीकाध गाउपालिकाको वडाध्यक्षा सम्झनु पर्दछ ।

(झ“ (बृक्षारोपण "भन्नाले   ठाटीकाध गाउपालिकाले  तोकेको स्थानमा विरुवा रोपण गर्ने कार्य सम्झनु पर्छ ।

(`) “श्रोत व्यक्ति” भन्नाले  यस कार्यविधि बँमोजिक कार्यपालिकाद्धारा नियूक्त श्रोत व्यक्ति लाई जनाउँछ ।

(ट)  “ कार्यक्रम ” भन्नाले प्रत्येक वर्ष गाउँसभाले सरकारी तथा सामुदायीक वन सँरक्षणकोलागि विनियोजित कार्यक्रमलाई सम्झनुपर्दछ ।

(ठ) “डडेलो ” भन्नाले ठाटीकाँध गाउपालिका अन्तरगतका सामुदायीक तथा सरकारी वनमा अज्ञात समुहले लगाएको आगो सम्झनु पर्छ ।

(ड)  “बन्दोवस्तिका सामान” भन्नाले अग्नि नियन्त्रकले   प्रयोग गर्ने सामान सम्झनुपर्दछ ।

(ढ)  “ ज्यामी ” भन्नाले गाउँपालिकाको वार्षिक कार्यक्रम अनुसार बृक्षारोपण र वन सँरक्षणकोलागि खटाईएका ज्यामी सम्झनुपर्दछ ।

## परिच्छेद-२
## उद्देश्य र संचालनको रणनीति

३)**उद्देश्य:** यस कार्यविधिको उद्देश्य आफ्नो गाउँ क्षेत्र भित्रका सरकारी  तथा सामुदायीक वनको सँरक्षण सुदृढीकरण तथा दिगो विकास गर्नु हो । साथै अन्य उद्देश्यहरु निम्न विषयमा सहयोग गर्नु रहेको छः

क )गाउँपालिकाद्धारा निर्माण गरिएका सडक दायाँ वायाँ किनारामा वृक्षारोपणगिर हरियाली सडक बनाउने,

ख) वनमा आश्रित उपभोक्ताहरुको जिविकोपार्जनको उचित प्रवन्ध गर्ने,

ग)  फडानी र डडेलो रोक्न जनचेतना जगाउने,

घ )जैविक विविधताको संरक्षण र पर्यावरणीय सन्तुलन कायम गर्ने,

ङ )बहु प्रजातीका जिव जन्तु चराचुरिङ्गीहरुको सँरक्षणगरि पर्यटन  विकास गर्ने,

च रैथाने वन जन्य बोट बिरुवाको सँरक्षणगरि वन उपभोक्ताहरुको आय बृद्धि गर्ने

४)**रणनीति:** क) आफ्नो गाउँनगरक्षेत्रभित्रका वन सम्पदाको संरक्षण तथा सम्बर्द्धन स्थानीय तहको एकल प्रयासबाट मात्र सम्भव नहुने भएकोले यसमा सार्वजनिक-निजी-सहकारी-समुदायको साझेदारी कायम गर्ने ।

ख) वन सँरक्षण सम्बन्धमा आम सञ्चारका माध्यम एवं अन्य विधिद्वारा जनतामा सचेतना अभिवृद्दि गर्ने ।

ग) निजी क्षेत्रको संस्थागत सामाजिक उत्तरदायित्व (CSR) अभिबृद्दि गरी वन सम्पदाको दिगो विकासमा निजी क्षेत्रको लगानी बिस्तार गर्ने ।

घ )वन सँरक्षणको क्षेत्रमा नागरिक समाज ,सामाजिक संस्था र सामुदायिक संस्थाहरुसँग प्रभावकारी समन्वय र सहकार्यको विकास गर्ने ।

ङ )सामाजिक अभियन्ताहरुको विकास र परिचालन गर्ने आदि ।

## परिच्छेद-३
## वन सँरक्षण कार्यक्रम सञ्चालन विधि

५)विधि : गाउँपालिका क्षेत्रभित्र रहेका देहायका सरकारी तथा सामुदायीक बन संरक्षणका कार्यहरु गरिनेछ ।

क) सँघीय सरकार प्रदेश सरकार र ठाटीकाँध गाउपालिकाद्धारा निर्माण गरिएका सडकहरुको दायाँ वायाँ किनाराहरुमा यस कार्यक्रमबाट वृक्षारोपण गरिनेछ ।

ख) मठ, मन्दिर, चैत्य, गुम्बा, मस्जिद, चर्च लगायतका धार्मिक सम्पदा विद्यालयहरुको खालि जग्गामा यस कार्यक्रमबाट बृक्षारोपण गरिनेछ ।

ग) सार्वजनिक तथा निजी भिरालो जमिनमा

घ )गाउँपालिकाले आफ्नो क्षेत्र भित्र देहाय बमोजिमका वन सँरक्षणअभियानहरू सञ्चालन गर्ने निर्णय गर्न सक्नेछ:

१)हरियाली पार्क क्षेत्र,

२)टोल टोलमा नर्सरी

३)वातावरणमैत्री घर, टोल, वडा, गाउँ

४)१जन्म १ विरुवा र१ मृत्युमा १ विरुवा रोपण,

५)गाउपालिका वृक्षारोपण दिवसको घोषणा

६)वन डडेलो नियन्त्रण अभियान

## परिच्छेद-४
## सरोकारवाला निकाय र भूमिका

६)**सरोकारवाला निकायहरु:** वन सँरक्षण एक बृहत् अभियान भएको हुँदा यसमा स्थानीय सरकारदेखि आम नागरिकको सक्रिय सहभागिता, क्रियाशिलता र निरन्तरता आवश्यक देखिन्छ । विगतको अनुभव र स्थानीय बस्तुस्थितिलाई मध्येनजर गर्दा आफ्नो गाउँ नगरक्षेत्रभित्रको वन सँरक्षण अभियानमा स्थानीय तहले समग्र नेतृत्व लिई यस कार्यमा सबै सरकारी कार्यालयहरु, सुरक्षा निकाय, शैक्षिक संस्था, गैर सरकारी संस्था, टोल विकास संस्था एवम् आमा समूह जस्ता सामुदायिक संस्था, व्यावसायिक संस्था, आम सञ्चार, नागरिक अगुवा, सामाजिक अभियन्ता, जागरुक नागरिक आदि जस्ता सरोकारवालाहरुसँग सहकार्य र समन्वय गर्नुपर्दछ ।

७)**वन सँरक्षणमा संलग्न हुने निकायहरुको प्रमुख भूमिका**: क) वन सँरक्षण कार्यमा संलग्न हुने सरोकारवाला निकाय तथा पक्षहरुको तुलनात्मक प्रतिश्पर्धा एवं विशिष्टतालाई मध्येनजर गर्दै वन सँरक्षणका कार्यक्रममा सबै पक्षहरुको सहकार्य र समन्वयमा सञ्चालन गर्नुपर्नेछ ।

ख) स्थानीय वन सँरक्षण अभियानमा संलग्न हुने निकायहरुको प्रमुख जिम्मेवारी देहाय बमोजिम हुनेछ ।

१ गाउँपालिका: वन सँरक्षण अभियानको समग्र नेतृत्व तथा संयोजन, वन सँरक्षण सम्बन्धी नीति तर्जुमा, वन सँरक्षण क्षेत्रमा लगानी, हरियाली पार्क तथा स्थलहरुको निर्माण तथा संरक्षण, हरियाली आय आर्जन दीगोपना र सडक छेउछाउमा हरियाली प्रवर्द्धन, एक वडा/टोल एक नर्सरी तथा वन सँरक्षण सचेतना अभिवृद्धि आदि ।

(२) अन्य सरकारी कार्यालयहरु: वन सँरक्षण सम्बन्धी कार्यक्रम सञ्चालन, कार्यालय परिसर , कार्यालयहरुमा बगैंचा, हरियाली तथा सौन्दर्यकरण र समुदाय परिचालन आदि ।

(३) सुरक्षा निकाय:डडेलो नियन्त्रण हरियाली तथा सौन्दर्यकरण, सरसफाई सम्बन्धमा समुदायसँग समन्वय आदि ।

(४) निजी व्यावसायिक संघसंस्था; कार्यालय परिसर , कार्यालयहरुमा बगैंचा, हरियाली तथा सौन्दर्यकरण, संस्थागत सामाजिक उत्तरदायित्व (CSR) अन्तर्गत वन सँरक्षण क्षेत्रमा लगानी, वन सँरक्षण अभियानमा सहकार्य ।

(५) गैर सरकारी संघ संस्था: समुदाय परिचालन, सचेतना अभिवृद्धिका कार्यक्रम सञ्चालन, वन सँरक्षणको क्षेत्रमा लगानी, कार्यालय परिसर फलफुल वृक्षारोपण , कार्यालयहरुमा बगैंचा, हरियाली तथा सौन्दर्यकरण, वन सँरक्षण अभियानमा सहकार्य आदि ।

(६) सामुदायिक संस्था: सामुदायिक परिचालन, सचेतना अभिवृद्धि, सञ्जाल विस्तार, वन सँरक्षण अभियानमा सहकार्य आदि ।

(७) नागरिक समाज: सामाजिक परिचालन, सचेतना अभिबृद्धि, एक्येवद्धता विकास, निगरानी, वन सँरक्षण अभियानमा सहकार्य आदि ।

(८) सञ्चार माध्यम: सूचना संप्रेषण, सचेतना अभिबृद्धि, निगरानी, वन सँरक्षण अभियानमा सहकार्य आदि ।

(९) शैक्षिक संस्था: सचेतना अभिवृद्धिका, वन सँरक्षण संस्कारको विकास, शैक्षिक संस्था परिसरमा बगैंचा, हरियाली तथा सौन्दर्यकरण, वन सँरक्षण अभियानमा सहकार्य आदि ।

(१०) सचेत नागरिक: वन सँरक्षणको संस्कारको विकास र पालना, वन सँरक्षण अभियानमा स्वस्फूर्त परिचालन र ऐक्येवद्धता, आफ्नो घरको हरियाली तथा सौन्दर्यकरण, आदि ।

## परिच्छेद-५

## संस्थागत प्रवन्ध एवं काम, कर्तव्य र अधिकार

**८)संस्थागत प्रवन्ध एवं काम, कर्तव्य र अधिकार:** (१) गाउँ/नगर क्षेत्र भित्र वन सँरक्षण कार्यक्रममा आवश्यक नेतृत्व, समन्वय तथा सहजीकरण गरी वन सँरक्षण अभियानलाई दीगो र संस्थागत गर्नका लागि गाउपालिकास्तरीय वन सँरक्षण समिति गठन गरिनेछ ।

(२) गाउँस्तरीय वन सँरक्षण अभियान समितिको गठन र काम कर्तव्य एवं अधिकार निम्नानुसार हुनेछ ।

(क) समितिको गठन:

| | |
|---|---|
| अध्यक्ष, गाउँपालिका | -संयोजक |
| उपाध्यक्ष गाउँपालिका | -सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत, गाउँपालिका | -सदस्य |
| संयोजक, सामाजिक विकास समिति(गाउँसभा) | -सदस्य |
| प्रमुख, सुरक्षा निकाय (स्थानीय तहमा रहेका इकाई) | -सदस्य |
| सभापति, स्थानीय उद्योग बाणिज्य संघ | -सदस्य |
| अध्यक्ष, स्थानीय गै.स.स. महासंघ | -सदस्य |
| सभापति, स्थानीय पत्रकार महासंघ | -सदस्य |
| प्रमुख, रेडक्रस ईकाई | -सदस्य |
| वन सँरक्षण क्षेत्रमा कार्यरत सामुदायिक संस्थाका प्रमुख-१ जना -सदस्य | |
| वन सँरक्षणको क्षेत्रमा उल्लेख्य योगदान पुऱ्याउने समितिले तोकेको महिला सहित कुनै २ जना सामाजिक अभियन्ता | -सदस्य |
| प्रमुख, वन वातावरण तथा विपद् व्यवस्थपन शाखा, गाउँपालिका | -सदस्य-सचिव |

समितिले आवश्यक ठहर्याएको खण्डमा कुनै विज्ञ तथा प्रतिनिधिलाई समितिको आमन्त्रित सदस्यको रुपमा सहभागी गराउन सक्नेछ ।

(ख) समितिको प्रमुख काम कर्तव्य र अधिकार:

(१) गाउँस्तरीय वन सँरक्षण नीति तर्जुमा गर्ने,

(२) वन सँरक्षण कार्यक्रम सञ्चालन गर्नुपर्ने क्षेत्र पहिचान तथा सो सम्बन्धी योजना तर्जुमा गर्ने,

(३) वन सँरक्षणका अभियानहरु सञ्चालन तथा अन्तर निकाय समन्वय गर्ने,

(४) विभिन्न संघ संस्था तथा निकायद्वारा गरिने वन सँरक्षण कार्यक्रममा समन्वय गर्ने,

(५) वडास्तरीय वन सँरक्षण समितिको कार्यमा आवश्यक सहयोग, समन्वय र अनुगमन गर्ने,

(६) गाउँस्तरीय वन सँरक्षण कार्यक्रमको र समग्र स्थितिको अनुगमन गरी बार्षिक प्रतिवेदन गाउँसभामा पेश गर्ने आदि ।

(३) वडास्तरीय वन सँरक्षण अभियान समितिको गठन र काम कर्तव्य एवं अधिकार निम्नानुसार हुनेछ ।

(क) समितिको गठन:

| | |
|---|---|
| वडा अध्यक्ष | -संयोजक |
| वडा सदस्यहरु | -सदस्य |
| स्रोत व्यक्ति | -सदस्य |
| प्रमुख, सुरक्षा निकाय (स्थानीय तहमा रहेका इकाई) | -सदस्य |
| सञ्चारकर्मी | -सदस्य |
| वन सँरक्षण क्षेत्रमा कार्यरत सामुदायिक संस्थाका प्रतिनिधि-२ जना | -सदस्य |
| वन सँरक्षणको क्षेत्रमा उल्लेख्य योगदान पुऱ्याउने समितिले तोकेको महिला सहित कुनै १ जना सामाजिक अभियन्ता | -सदस्य |
| वडा सचिव | -सदस्य-सचिव |

समितिले आवश्यक ठहऱ्याएको खण्डमा कुनै विज्ञ तथा प्रतिनिधिलाई समितिको आमन्त्रित सदस्यको रुपमा सहभागी गराउन सक्नेछ ।

(ख) समितिको प्रमुख काम कर्तव्य र अधिकार:

(१) वडास्तरीय वन सँरक्षण नीति र योजना तर्जुमा गर्ने,

(२) वन सँरक्षण अभियानहरु सञ्चालन तथा अन्तर निकाय समन्वय गर्ने,

(३) विभिन्न संघ संस्था तथा निकायद्वारा गरिने वन सँरक्षण कार्यक्रममा समन्वय गर्ने,

(४) वडास्तरीय वन सँरक्षण कार्यक्रमको अनुगमन गरी वडामा सो सम्बन्धमा छलफल गर्ने आदि ।

## परिच्छेद-६

## स्रोत परिचालन र खर्च:

**९स्रोत परिचालन:** (१) गाउँपालिकाले आफूलाई प्राप्त समानीकरण अनुदान, राजश्व बाँडफाँट तथा आफ्नो आन्तरिक आयबाट वन सँरक्षणको क्षेत्रमा न्यायोचित रुपले बजेट विनियोजन गर्नुपर्नेछ ।

(२) गाउँपालिकाले आफ्नो आय तथा अन्य निकायबाट प्राप्त हुने सहयोगलाई समेत समावेश गरी एकीकृत रुपमा स्रोत परिचालन गर्न वन सँरक्षणको लागि छुट्टै कोष सिर्जना गरी स्रोत परिचालन गर्न सक्नेछ ।

(३) स्थानीय तहमा गरिने वन सँरक्षणका कार्यक्रमलाई मितव्ययी, प्रभावकारी एवं एकीकृत ढंगमा सञ्चालन गर्नका लागि यस क्षेत्रमा कार्य गर्ने संघ-संस्थाहरुको कार्यक्रम स्थानीय तहको बार्षिक योजना प्रणालीमा समावेश गरिनेछ । यस्ता एकिकृत कार्यक्रमहरुको नेतृत्व स्थानीय तहले गर्नेछ । यस प्रयोजनका लागि स्थानीय तहले आफ्नो क्षेत्रभित्र रहेका वन सँरक्षण सम्बन्धी काम गर्ने निजी सहकारी सवै संस्थाहरु र तिनीहरुको क्रियाकलापको अभिलेख राख्नुपर्नेछ ।

(४) वन सँरक्षणको क्षेत्रमा निजी क्षेत्रको लगानी आकर्षित गर्न सार्वजनिक साझेदारीको नीति अवलम्वन गरिनेछ ।

(५) वन सँरक्षण कार्यक्रम सँचालन र समन्वयकोलागि श्रोत व्यक्तिको व्यवस्था : **१) यस कार्यविधि अनुसार कार्यक्रम सँचालन तथा समन्वय गर्नकोलागि कार्यपालिकाले १ जना कार्यक्रम श्रोत व्यक्ति करारमा व्यवस्था गर्नु पर्नेछ ।**

२)कार्यविधि अनुसार कार्यक्रमकोलागि समानीकण अनुदानबाट वजेट विनियोजन गरिनेछ सेही विनियोजित बजेट बाट कार्यक्रम सँचालन हुनेछ ।

३) कार्यक्रम श्रोत व्यक्तिले गाउ स्तरिय वन सँरक्षण अभियान समितिको नीति कार्यक्रम अनुसार तयारगरि कार्यपालिकाबाट निर्णय गारई कार्यक्रम सँचालन गर्नु पर्नेछ ।

४) कार्यक्रम सँयोजकको सुविधा कार्यपालिकाले तोके अनुसार हुनेछ ।सुविधा तोक्दा नेपाल सरकारको रापअन प्रथम श्रेणी वा सो सरहले पाउने सुविधा भन्दा बढी हुने छैन ।

५) निजको योग्यता प्रमणपत्र तह वा सो सरहको हुने छ ।

६) वन सँरक्षण कार्यक्रममा विनियोजित वजेट बाट वन सँरक्षण वृक्षारोपण कार्य गर्न प्रत्येक वडामा वन क्षेत्र र भुगोलको आधारमा बढीमा ६ जना र घटीमा ३ जना ज्यामीको व्यवस्था कार्यपालिकाको निर्णयानुसार गरिनेछ । निजहरुको न्यूनतम् सेवा सुविधा कार्यपालिकाबाटै तोकिनेछ ।

**१०)खर्च :** (१) गाउँपालिकाले वन सँरक्षण कार्यक्रममा विनियोजन भएको बजेट खर्च गर्दा प्रचलित नियमानुसार गर्ने, खर्चको लेखांकन राख्ने, प्रतिवेदन तयार गर्ने तथा लेखा परीक्षण गराउनुपर्नेछ ।

(२) यस क्षेत्रमा खर्च गर्दा खर्चमा दोहोरोपना नपर्ने गरी अन्य निकायहरुसँग समेत समन्वय गरी प्राप्त स्रोतको मितव्ययी रुपमा परिचालन गर्नुपर्नेछ ।

(२) गाउँपालिकाले वन सँरक्षणको क्षेत्रमा भएको खर्चको नियमित रुपमा प्रतिवेदन तयार गरी गाउँ सभा लगायत सम्बन्धित निकायमा पठाउनुपर्नेछ ।

## परिच्छेद-७
## कसुर उपर दण्ड सजाय

**११)कसुर उपर दण्ड सजायः** यस कार्यविधिमा उल्लिखित विषय विपरित कार्य गरेमा वा अन्य प्रचलित कानूनमा लेखिएका वन सँरक्षण सम्बन्धी विपरित कार्य गरेमा प्रचलित कानून वा स्थानीय कानून बमोजिम दण्ड सजाय हुनेछ ।

## परिच्छेद-८
## विविध:

**१२)कार्यविधिको व्याख्या :**यस कार्यविधिमा उल्लिखित कुनै विषयमा द्विविधा उत्पन्न भएमा वा अस्पष्टता रहेमा त्यसको अन्तिम व्याख्या गाउँ कार्यपालिकाले गर्नेछ ।

**१३)कार्यविधि संसोधन:** यस कार्यविधिका प्रावधानहरुमा कार्यपालिकाले आवश्यक संसोधन गर्न सक्नेछ ।

**१४)बाधा अड्चन फुकाउ:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र यस कार्यविधिमा व्यवस्था भए बाहेकका विषयमा नीतिगत निर्णय गर्न आवश्यक भएमा त्यस्तो निर्णय कार्यपालिकाले गर्नेछ ।

आज्ञाले
बाबुराम नेपाली
प्रमुख प्रशासकीय अधिकृत

प्रमाणीकरण मिति २०७६।०३।३०